# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।०६।२२ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

-----------------------------------------------

नापी कार्यालय, हरिवन, सर्लाहीमा कार्यरत अमिन किसुनदेव मण्डलले अंशवण्डा पत्रको लागि जग्गा कित्ताकाट गरिदिएबापत सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवासबाट खटिइ गएको टोलीले निजलाई रु.९,०००।-(नौहजार) घुसबापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिइ अनुसन्धान हुँदा निजले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसुर गरेको देखिन आएकोले निजलाई बिगो रु.९,०००।-(नौहजार) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(मदन कोइराला)
उपसचिव एवं सहायक प्रवक्ता